तादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खरानीटार, नुवाकोट
स्था. २०७३

बागमती प्रदेश नेपाल

पत्र संख्या:- ८२/०८३
च. नं :- 1066

मिति २०८२/०९/११

विषय : तह वृद्धिको लागि निवेदन दर्ता गर्ने सम्वन्धमा ।

बागमती प्रदेश सरकारबाट स्वीकृत **स्थानीय सेवा ऐन २०७९** को दफा ९ र दफा ३० मा व्यवस्था भए बमोजिम सहायक स्तर चौथो तहबाट पाँचौ, सहायकस्तर पाँचौ तहबाट अधिकृतस्तर छैठौ तह र अधिकृतस्तर सातौ तहबाट अधिकृत स्तर आठौं तहमा तह वृद्धिका लागि योग्यता र सेवा अवधि पुरा भएका यस गाउँपालिकाको कार्यालय अन्तर्गत स्थानीय सेवाका स्थायी कर्मचारीहरुको तह वृद्वि प्रयोजनको लागि यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपशिल बमोजिमको कागजातहरुका साथै निवेदन पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. हाल कार्यरत पदमा ५ वर्ष सेवा अवधि पुरा भएको खुल्ने कागजातको प्रमाणित प्रतिलिपी (स्थायी नियुक्ति तथा स्तरवृद्धि भएको पत्र) ।
२. तह वृद्धि हुने पदभन्दा एक तह मुनिको लागि आवश्यक पर्ने शैक्षिक योग्यता हासिल गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
३. यस तादी गाउँपालिका अन्तर्गत कार्यालयमा समायोजन भएको समायोजन पत्र वा सरुवा पत्रको प्रमाणित प्रतिलिपी । (नोटः स्थानीय तहकै लागि नियुक्ती हुनुभएका कर्मचारीको हकमा बागमती प्रदेश अन्तर्गत नियुक्ती भएको हुनुपर्नेछ ।)
४. पछिल्लो ५ वर्ष अवधिमा कार्यरत कार्यालयहरुको विवरण र समयावधि खुल्ने पत्रको प्रतिलिपी ।

..................
तेजिन्द्र गौतम
प्रमुख प्रशासकीय अधिकृत